# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चार माध्यममा तत्काल प्रयोजनको लागि)

२०७३ पौष ५ गते

## लक्ष्मी परियारको मृत्युको घटना दुःखद्

काभ्रेपलाञ्चोक सानोवाङ्थलीकी लक्ष्मी परियारको मृत्युको दुःखद् घटना सम्बन्धमा आयोगले स्थलगत अनुगमन गरेको छ ।

प्रारम्भिक अनुगमन बाट प्राप्त तथ्य अनुसार गत मंसीर २० गते लक्ष्मी परियारलाई स्थानीय ४ जनाको संलग्नतामा भनाभन र गालीगलौज पश्चात् भएको कुटपिट बोक्सी समेत भनी निजलाई स्थानीय श्री सूर्योदय मा.वि.को चौरको पोलमा बाँधी मुखमा मलमुत्र समेत दल्ने, खुवाउने जस्तो निकृष्टतम दुर्व्यवहार समेत भएको पाइएको छ ।

निज मृतकको तर्फबाट निज माथि भएको दुर्व्यवहार सम्बन्धमा कसैले पनि प्रहरी कार्यालयमा निवेदन तथा उजुरी नदिएको हुँदा आयोगले सो सम्बन्धमा प्रहरी ऐन अनुरुप अनुसन्धान गर्न नेपाल प्रहरीलाई निर्देशन गरेको थियो ।

मृत्युको उक्त घटना सम्बन्धमा नेपाल प्रहरीले अनुसन्धान प्रकृया अघि बढाई आरोपित ४ जनालाई न्यायिक हिरासतमा राखिएको पाइएको छ । साथै आयोगले उक्त घटनाको अनुसन्धान प्रकृयाको अनुगमन गरिरहेको छ । घटनाको संवेदनशीलता र गाम्भीर्यता समेतलाई मध्यनजर गरी आयोगले मानव अधिकारको दृष्टिकोणबाट समेत थप अनुसन्धान गर्नेछ ।

हाल निज लक्ष्मी परियाको शव परीक्षण भइसकेता पनि समयमै शव परीक्षण हुन नदिने वा शव परीक्षणको उपयुक्त व्यवस्था हुन नसक्दा अनुसन्धान प्रकृया तथा प्रमाण संकलनमा प्रभाव पर्न सक्ने भएकोले कुनैपनि शंकास्पद र विवादास्पद मृत्युका घटनाको सम्बन्धमा तत्काल शवपरीक्षण गर्ने व्यवस्था मिलाउन र आवश्यक सहयोग पुर्याउन आयोग नेपाल सरकार र सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ । साथै मृतक लक्ष्मी परियारको हत्यामा संलग्न दोषीहरु उपर कानूनी कार्यबाही गर्न तथा नावालक सन्तानहरुको उचित संरक्षण र परिपूरण समेतको लागि आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

......................

मोहना अन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org